मस्यौदा

# वैदेशिक सहायता नीति, २०६५

(नेपाल विकास मञ्च, २०६६ का लागि तयार पारिएको)

अर्थ मन्त्रालय
काठमाडौं
२०६५

## १. परिचयः

१.१ नेपाल अहिले ऐतिहासिक परिवर्तनको संघारमा छ । द्वन्द्वग्रस्त अवस्थामा पनि वैदेशिक सहायताले पाएको निरन्तरता नेपालको विकास प्रयासमा दातासँगको साझेदारीको अनुपम उदाहरण हो । ऐतिहासिक जनआन्दोलनपछि एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को नेतृत्वमा बनेको वर्तमान सरकारले शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुऱ्याउने, संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र राज्यको पुनर्संरचनासहितको नयाँ नेपालको खाका तयार गर्न संविधान लेख्ने ऐतिहासिक राजनैतिक जिम्मेवारी निर्वाह गर्दैछ । राजनैतिक उपलब्धिलाई दिगो राख्न आर्थिक र सामाजिक रुपान्तरणको खाँचो छ । यसका लागि उच्च, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्नै पर्ने हुन्छ । उच्च आर्थिक वृद्धि हासिल गर्न उच्च प्रतिफल दिने पूर्वाधारका क्षेत्रमा लगानी वढाउने र परम्परागत सामन्ती उत्पादन सम्बन्धमा जेलिएको निर्वाहमूखी कृषिलाई आधुनिक र व्यावसायिक कृषिमा रुपान्तरण गर्न आवश्यक छ । यसरी प्राप्त आर्थिक उपलब्धिको न्यायोचित वितरणका लागि राज्यको सकारात्मक भूमिका बढाउन पनि उत्तिकै जरुरी छ ।

१.२ परिवर्तनलाई दिगो र संस्थागत गर्न नेपालले अझै केही वर्षसम्म वैदेशिक सहायताको उपयोग गर्नुपर्दछ । विकासका अपेक्षित उपलब्धि हासिल गर्न वैदेशिक सहायताको प्रभावकारितामा वृद्धि गर्नु पर्दछ । यसका लागि विकासका प्राथमिकता पहिचान गर्ने र आफ्नै स्वामित्व तथा नेतृत्वमा कार्यान्वयन गर्ने क्षमताको विकास गरी सहायतालाई राष्ट्रिय हितको पक्षमा उच्चतम उपयोग गर्नु पर्दछ । अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु पनि यही दिशातर्फ उन्मुख छन् । राष्ट्रिय आवश्यकता, विगतका अनुभव र अन्तर्राष्ट्रिय प्रतिवद्धताका वीच सामञ्जस्यता कायम गर्दै सहायताका सिद्धान्त, उद्देश्य, प्राथमिकता, संरचना सहितको नयाँ वैदेशिक सहायता नीतिको आवश्यकता महसुस गरी प्रस्तुत नीतिपत्र प्रस्ताव गरिएको हो ।

## २. विगतको समीक्षाः

दातृ समुदायको धारणा

२.१ दातृ समुदायले नेपालमा सहायताको प्रभावकारिताका सम्वन्धमा देहायका अवरोधहरु देखाउने गरेका छन्:

- सहायता संलग्न विकास परियोजनाहरुमा सरकारी स्वामित्व तथा नेतृत्वको कमी रहनु ,
- कार्यक्रम माथिबाट थोपरिनु र स्थानीय निकाय, समुदाय लगायतका वास्तविक सरोकारवालाहरुलाई कार्यक्रमको तर्जुमा प्रकृयामा सहभागी नगराइनु,
- स्थानीय क्षमताले धान्न नसक्ने गरी परियोजना तथा कार्यक्रमको संख्यामा वृद्धि गरिनु,
- कमजोर संस्थागत संरचना तथा पर्याप्त तालीमको अभावमा न्यून क्षमता भएका र सेवाप्रति न्यून समर्पण भएका कर्मचारीहरुको वाहुल्यता रहनु, आयोजनाका कर्मचारीहरुको बारम्बार सरुवा भैरहनु र खाली भएको स्थानमा तत्काल पदपूर्ति हुन नसक्नु,
- सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली (Public Financial Management System) लगायत परियोजना व्यवस्थापनसँग सम्वद्ध अन्य राष्ट्रिय प्रणालीको स्तर अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप नरहनु, र
- अस्थीर राजनीति तथा कमजोर शासनले उव्जाएका नीतिगत असंगतिहरुको वाहुल्यता रहनु ।

२.२ दातृ समुदायका यी धारणाहरुमा मूलतः उनीहरुले प्रदान गर्ने रकममा रहन सक्ने वित्तीय जोखिम (Fiduciary Risk) को त्रास रहेको देखिन्छ । उनीहरु असल शासन, समावेशीकरण, स्थानीय सहभागिता, लैंगिक सवाल आदि जस्ता सवै क्षेत्रमा लागू हुने मुद्दालाई संवोधन गरी नीतिगत एवं संस्थागत वातावरणको सुधार गर्न सकेमा जोखिमको न्यूनीकरण हुने विश्वास गर्दछन् ।

राष्ट्रिय धारणा

२.३ दातृ पक्षका कतिपय धारणाहरुमा नेपालको स्वीकारोक्ति हुँदाहुँदै पनि दातृ पक्षका निम्न व्यवहारहरुलाई नेपाली पक्षले सहायता प्रभावकारिताको अवरोधका रुपमा हेरेको पाइन्छ :

- दाताका प्राथमिकताहरुले नेपालको प्राथमिकताकासँग मेल नखानु ।

- पारस्पारिकता र तुलनात्मक लाभका आधारमा सवै दाताहरुवीच कार्यविभाजन हुन नसक्दा कार्यक्रममा दोहोरो पन, दाताहरुको कुनै क्षेत्रमा अधिक र कुनैमा न्यून संलग्नता रहने गरेको छ ।
- अधिकांश दातानिर्देशित कार्यक्रमहरुको योजनादेखि मूल्यांकनसम्मका चरणहरुमा पर्याप्त गृहकार्य नहुने तथा स्थानीय संस्थाहरुको संलग्नता न्यून रही स्वामित्वको अभाव रहने गरेको छ । यस्ता कार्यक्रमहरुको लागत तथा अवधि बढ्न गई खर्चिलो हुने साथै कार्यक्रम दिगो नहुने समस्या रहने गरेको छ ।
- दीर्घकालीन आवश्यकताको पहिचान विनानै क्षणिक उपलब्धिका लागि विभिन्न स-साना परियोजनाहरुमा छरपस्ट रुपमा वैदेशिक सहायता प्रवाहित हुने गरेको छ ।
- विदेशी दक्षहरुमा अत्यधिक भर पर्नाले प्राविधिक सहायताको जुन योगदान हुनुपर्थ्यो सो हुन सकेको छैन । आयोजनासँग नजोडिएका (Freestanding) प्राविधिक सहायतामा समेत स्थानीय दक्षता, प्रविधि, संस्थागत संरचना आदिको व्यापक प्रयोगद्धारा क्षमता विकास गर्नुपर्नेमा त्यसलाई नजरअन्दाज गरी विदेशीमानै भर पर्नुपर्ने अवस्था छ । प्राविधिक सहायताको प्रभावकारी व्यवस्थापन हुन नसक्दा खासगरी ऋणको रुपमा प्राप्त हुने प्राविधिक सहायताहरु राष्ट्रका लागि ठूलो वोझ हुन पुगेका छन् ।
- नेपालमा अझै पनि वैदेशिक सहायता, खासगरी पूँजीगत सहायताको प्राविधिक पक्षको मूल्यांकन गर्ने उपयुक्त र प्रभावकारी संयन्त्रको विकास हुन सकेको छैन । विशेषगरी टर्न की (Turnkey) आयोजनाहरुमा प्रयोग गरिने प्रविधि र यसले आयोजनाको दिगोपना र मर्मत सम्भारमा प्रतिकूल प्रभाव पार्ने विषय मुद्दाकै रुपमा रहेका छन् ।
- वैदेशिक सहायतासँग जोडिएर आउने नीतिगत तथा प्रकृयागत शर्तहरुले सस्तो र नेपाललाई उपयुक्त हुने प्रविधिको छनौट गर्ने स्वतन्त्रतालाई कुण्ठित गर्ने हुँदा सहायताको प्रभावकारिता घट्न गएको छ ।
- संझौता भैसकेको वैदेशिक सहायताको उपयोग प्रकृया पनि सुस्त छ । यसो हुनुमा नेपालका आफ्ना संस्थागत कमजोरीहरु त छँदैछन । कार्यान्वयनमा देखापर्न सक्ने त्यस्ता कमजोरीहरुलाई प्रारम्भमै आत्मसात गरेर कार्यक्रमको खाका तयार गर्न नसक्नु दाताहरुको पनि कमजोरी देखिन्छ । यसका अलावा, दाताका अस्पष्ट नीति, प्रकृया तथा संरचनाहरु पनि उत्तिकै जिम्मेवार छन् ।
- वैदेशिक सहायताको प्रवाहमा संलग्न विभिन्न गैर-सरकारी संस्थाहरूको योगदान महत्वपूर्ण रहेतापनि कतिपय संस्थाहरूले मुलुकको विकासका प्राथमिकता तथा आयोजनाको दिगोपनलाई समेत वेवास्ता गरी आफ्नै नीति, प्राथमिकता र प्रक्रिया अनुरूप सरकारी वजेट वाहिरबाट सरकारी संरचनाको समानान्तर हुने गरी गतिविधि संचालन गर्ने गरेका छन् । सहायताको श्रोत, राशि समेतको अभिलेखलाई अद्यावधिक गर्न तथा यस्ता कारोवारमा पारदर्शिता कायम गर्न सकिएको छैन ।
- नेपाल सरकारलाई प्राप्त हुने वैदेशिक सहायता राशि सम्पूर्ण रूपमा बजेटमा समावेश हुन सकेको छैन । दातृपक्षले बेलाबखत सरकारलाई जानकारी नै नदिई आयोजनाको खातामा सोझै रकम जम्मा गर्ने गरेका छन् । परिणामतः सहायतासम्बन्धी अभिलेखलाई अद्यावधिक गर्न तथा यस्ता कारोवारमा पारदर्शिता र जवाफदेहिता कायम गर्न कठिनाइ पर्ने गरेको छ ।
- कैयौं वर्षदेखि नेपालले तिर्नुपर्ने वैदेशिक ऋणको दायित्व वृद्धि भइरहेको छ । सबैजसो ऋण सहुलियत दरमा उपलब्ध हुने र वैदेशिक अनुदानको अंशसमेत रहने भए तापनि बजेटमा वैदेशिक ऋणको भार निरन्तर रूपमा बढ्दो छ ।

## ३. परिवर्तित सन्दर्भः

३.१ नेपालले हालसम्म अन्तर्राष्ट्रिय समुदायसँगको अन्तरक्रियाका आधारमा  विकास तथा आर्थिक सुधारका कार्यक्रम तय गर्दै आएको हो । अब, ऐतिहासिक राजनीतिक परिवर्तन पश्चात घोषित नयाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिक संरचनासँग मेल खाने वैदेशिक सहायता नीति लगायतका आर्थिक संरचनाको निर्माण गर्नुपर्ने भएको छ । हाल मुलुक समग्र आर्थिक एवं् राजनीतिक रुपान्तरणको प्रकृयाबाट गुज्रिरहेको छ । वर्तमान राजनीतिक संक्रमणको अवस्थामा शान्ति, प्रजातन्त्र र विकासलाई संगसंगै अगाडि

वढाउने स्पष्ट सहमति (Compact) को आवश्यकता महसुस गरिएको छ । नेपालले रुपान्तरणतर्फ संक्रमण गरिरहेको यस विशिष्ट घडीमा शान्ति, प्रजातन्त्र र विकासको अन्योन्याश्रित अन्तर्सम्वन्धको महत्वलाई दाताहरुले पनि बुझ्दै गएको अवस्था छ ।

३.२ नयाँ नेपालको विकासका लागि साधन श्रोत जुटाउन सरकारले आपसी हितका क्षेत्रमा दाताहरुसँग सहयोग एवं साझेदारी बढाउन जरुरी छ । नेपालले वैदेशिक सहायताको प्रभावकारिता बढाउने र गरिबी घटाउने क्षेत्रमा भएका विभिन्न अन्तर्राष्ट्रिय सभा, सम्मेलन, संझौता आदिमा सक्रिय सहभागिता जनाइरहेको छ ।

३.३ राजनीतिक क्रान्तिबाट आएको ऐतिहासिक परिवर्तनलाई दिगो बनाउन आर्थिक क्रान्तिको आवश्यकता छ, जुन तीव्र आर्थिक वृद्धिबाट मात्र सम्भव हुनसक्छ । यो अभियानमा सहयोग गर्ने वैदेशिक सहायताको व्यवस्थापनका लागि स्पष्ट नीतिको आवश्यकता छ । नेपालको भावी संरचनासँग मेलखाने सहायता रणनीति बनाउन दाताहरु पनि व्यग्र छन् ।

३.४ आगामी दशदेखि पन्ध्र वर्षसम्ममा वर्तमान विसंगतिपूर्ण आर्थिक, सामाजिक शोषण, भेदभाव र चरम गरिबीको अवस्थाबाट मध्यम-आय (Middle-income) को अवस्थामा पुग्न वैदेशिक सहायताले निम्नानुसार सहयोग पुऱ्याउने छः

- उच्च, समावेशी र समन्यायिक आर्थिक वृद्धिका लागि अतिरिक्त साधन परिचालन गरी गार्हस्थ वचतमा थप योगदान गर्नेछ
- अर्थतन्त्रका प्राथमिकताका क्षेत्रमा अधिक साधन परिचालन गर्न सहयोग पुऱ्याउनेछ
- तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा विदेशी लगानी तथा व्यापारको वातावरण वनाउँनेछ
- ज्ञान तथा प्रविधिको हस्तान्तरणद्वारा आफ्नो विकास आफैं गर्न सक्ने गरी राष्ट्रिय क्षमता बढाउन सहयोग गर्नेछ
- वैदेशिक लगानी, व्यापार र निजी पूँजी प्रवाह सहितको वैदेशिक सहायतालाई स्थानीय सन्दर्भअनुरुप परिचालन गर्न सकेमा जनचाहना अनुरुपको नयाँ नेपाल निर्माणमा यो सहयोगी वन्न सक्छ ।

## ४. मार्गदर्शक सिद्धान्त, उद्देश्य र प्राथमिकता

४.१ नेपालको वैदेशिक सहायता नीति शान्ति, प्रजातन्त्र र समावेशी विकासका लागि राष्ट्रिय आवश्यकता र हितमा उपयोग हुने गरी सहमति तथा सहायता प्रभावकारिताका अन्तर्राष्ट्रिय सिद्धान्त एवम् कार्ययोजनाहरुबाट निर्देशित हुनेछ ।

मार्गदर्शक सिद्धान्तः

४.२ नेपाली समाजको आर्थिक सामाजिक रुपान्तरण र दिगो शान्तिको राष्ट्रिय लक्ष्यबाट वैदेशिक सहायता नीति निर्देशित हुनेछ । फराकिलो, दिगो, समावेशी र उच्च आर्थिक वृद्धि नै यसका आधार हुनेछन् ।

४.३ भावी नेपालको विकास रणनीति, २०६५ ले “शान्त, समुन्नत र न्यायपूर्ण नयाँ नेपाल“ को सपना सँगालेको छ । त्यस्तो नेपाल गरिबीबाट मुक्त, समावेशी, स्वावलम्वी, समन्यायिक, भेदभाव तथा शोषणरहित, स्वतन्त्र र अधिकारसम्पन्न हुनेछ । विकासका क्रियाकलापहरु यिनै सपना साकार पार्नेतर्फ उन्मुख हुनेछन् । दाताहरुले पनि यो विकासको रणनीतिलाई कार्यान्वयन गर्न सघाउने छन् ।

४.४ सहायता प्रभावकारिताका लागि पेरिस घोषणा पत्र र आक्रा कार्ययोजनामा व्यक्त प्रतिवद्धताको राष्ट्रिय स्तरमा कार्यान्वयन गर्ने र सहायताको व्यवस्थापन गर्दा पूर्वानुमान गर्न सकिने, पारदर्शी र जवावदेहीपूर्ण तवरले गर्ने मान्यताबाट यो नीति निर्देशित हुनेछ ।

४.५ अल्पकाल तथा मध्यकालमा अधिकतम रुपमा गुणस्तरयुक्त वैदेशिक सहायता परिचालन गरिनेछ । दीर्घकालमा आन्तरिक साधनको परिचालन एवं विदेशी लगानी, व्यापार र निजी पूँजी प्रवाहको वातावरण वनाई अन्तर्राष्ट्रिय पारस्पारिकताको परिधिभित्र आत्मनिर्भरता र दिगोपना प्राप्त गर्ने प्रयास गरिनेछ ।

यसकालागि सरकारले सन् २०२५ सम्ममा प्राविधिक सहायता, अनुदान र सहुलियतपूर्ण ऋण स्वीकार नगर्ने कार्यको थालनी गरिनेछ ।

**उद्देश्यः**

४.६ वैदेशिक सहायता नीति, २०६५ का उद्देश्यहरु देहायवमोजिम हुनेछन्:

- वैदेशिक सहायताको उपयोगबाट गरिबी घटाउनका लागि उत्पादनशील रोजगारीलाई जोड दिंदै समन्यायिक वितरण प्रणाली सहितको उच्च, समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने र त्यसकालागि "सार्वजनिक-निजी साझेदारी" को माध्यमबाट सार्वजनिक क्षेत्र, सहकारिता र निजी क्षेत्रका वीचको सम्वन्ध सुदृढ गर्न जोड दिने;
- वैदेशिक सहायताको उपयोगबाट वैदेशिक लगानी तथा व्यापारको वातावरण निर्माण गरी सहायता प्रतिको निर्भरता घटाउँदै लाने र दीर्घकालमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने;
- पेरिस घोषणापत्र, २००५ द्वारा स्थापित एवं आक्रा कार्ययोजना, २००८ द्वारा परिपोषित सहायता प्रभावकारिताका सिद्धान्त अनुरुप दाता र सरकारवीच साझेदारी निर्माण गर्ने र
- राज्यको पुनर्संरचनाका लागि शान्ति, प्रजातन्त्र र विकासका वीचको अपरिहार्य अन्तर्सम्वन्धप्रति प्रतिवद्धता जनाउनका लागि जनता र सरकार एवं सरकार र दातापक्षका वीच सहमति स्थापित गर्ने ।

**प्राथमिकताहरुः**

४.७ अल्पकालमा अर्थतन्त्रका तात्कालिक आवश्यकता पूर्ति गर्ने तथा शान्ति प्रकृयालाई तार्किक निष्कर्षका पुऱ्याउन सहयोग गर्ने खालका प्राथमिकताहरु पर्नेछन् । मध्य र दीर्घकालीन प्राथमिकतामा अर्थतन्त्रको उत्पादक क्षमताको विकास गरी उच्च आर्थिक वृद्धि र रोजगार हासिल गर्न र तिनलाई समन्यायिक ढंगले वितरण गर्न उपयुक्त प्रणालीको विकास गर्ने कुरा पर्नेछन् ।

४.८ वैदेशिक सहायता परिचालनका लागि प्राथमिकता निर्धारण गर्दा सन् २०११/१२ सम्ममा संक्रमणकालको अन्त्य हुने हुँदा यो अवधि अल्पकालिन प्राथमिकताको समयावधि हुनेछ । अल्पकालिन समयावधिपछिको वीस वर्ष दीर्घकालिन प्राथमिकताको समयावधि हुनेछ । यो अवधिमा नेपाल विकासको पथ आफैं निर्धारण गर्ने र आफैं कार्यान्वयन गर्न सक्ने क्षमता सहित आत्मनिर्भरतातर्फ उन्मूख हुनेछ ।

**अल्पकालिन प्राथमिकताहरुः**

- नेपाल विकास रणनीति-पत्र (२०६५/६६ २०६७/६८) ले वैदेशिक सहायता परिचालनका अल्पकालीन प्राथमिकता निर्धारण गर्नेछ । सो अवधिमा परिचालन हुने गरी संझौता भइसकेका वा संझौताको कममा रहेको सहायता राशिलाई कटाउँदा नपुग हुने रकम जुटाउने प्रयास वैदेशिक सहायताको अल्पकालीन प्राथमिकतामा पर्नेछ ।
- आगामी तीन वर्षमा दाता र सरकार दुवै पक्षबाट देहायका क्षेत्रमा खर्च हुने शान्तिकोषमा रकम प्राप्त गर्ने कार्य प्राथमिकतामा पर्नेछ:
  - द्वन्द्व पीडितहरुको राहत, पुनर्स्थापना, समायोजन र पुनर्एकीकरण,
  - सुरक्षा क्षेत्र सुधार
  - माइन एक्सन
  - संक्रमणकालिन न्याय
  - शिविर व्यवस्थापन, र
  - भौतिक पुनर्संरचना तथा मर्मत

- आगामी तीन वर्षमा संक्रमणकालको अन्त्य हुनासाथ दुई अंकको आर्थिक वृद्धि हासिल गर्नका लागि मुलुकले अहिलेदेखिनै तयारी गर्नु पर्नेछ । यसका निम्ति विकासको रणनीति पत्रले आगामी तीन वर्षको अवधिमा देहायका पाँचवटा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छः

  (क) रोजगारमूलक र फराकिलो उच्च आर्थिक वृद्धि,
  (ख) सुशासन र सेवा प्रवाहमा सुधार,
  (ग) भौतिक, सामाजिक र आर्थिक पूर्वाधारको विकासमा लगानी,
  (घ) सामाजिक विकास, र
  (ङ) समावेशी विकास र लक्षित कार्यक्रम ।

- यी प्राथमिकता अनुरुप उपलब्धि हासिल गर्न अर्थतन्त्रले फड्को मार्ने तहका केही ठूला र महत्वपूर्ण (Flagship) परियोजनाहरु कार्यान्वयनमा ल्याउनु पर्नेछ । यसका लागि वैदेशिक सहायतालाई कृषि क्षेत्रको रुपान्तरण गर्न र उत्पादन क्षेत्रको वृद्धिका लागि आधार तयार गर्नका लागि अधिकतम परिचालन गर्नु पर्नेछ । वैदेशिक सहायताको केन्द्रविन्दु भौतिक तथा सामाजिक पूर्वाधार, जस्तैः सडक, विद्युत, शिक्षा, स्वास्थ्य र सीप विकासका परियोजनाको वरिपरि रहनु पर्नेछ ।

<u>मध्य तथा दीर्घकालिन प्राथमिकताहरुः</u>

- वैदेशिक सहायतालाई उत्पादनशील लगानीका क्षेत्रमा उपयोग गरिनेछ । दीर्घकालीन पूर्वाधार विकासका परियोजनामा लगानी गर्दा वातावरणलाई हानी नहुने किसिमले गरिनेछ । व्यापार र यसका पूर्वाधारको विकास, वैदेशिक लगानीका माध्यमबाट विदेशी निजी पूँजीलाई भित्र्याउने र सामाजिक पूँजीको विकास गर्ने कार्यमा वैदेशिक सहायताको परिचालन गरिनेछ ।
- बाहिरी ज्ञान तथा प्रविधिको हस्तान्तरण गरेर वा त्यस्तो ज्ञान वा प्रविधिलाई नेपाली सन्दर्भमा ढालेर आफ्नो क्षमताको विकास गर्न सकेमा मात्र संस्थागत एवम् व्यक्तिगत क्षमताको विकास हुन गई आत्मनिर्भरता तर्फको मार्ग सुगम हुन्छ । त्यसैले, दीर्घकालमा सबै उपलव्ध प्राविधिक सहायताहरुको उपयुक्तताको मूल्यांकन गरी एउटा समूह (Pool) मा राखिने र राष्ट्रिय आवश्यकता एवम् प्राथमिकताका क्षेत्रमा उपयोग गरिनेछ ।
- वैदेशिक सहायतालाई पूर्वानुमानयोग्य र लचिलो वनाउन क्षेत्रगत वा बजेटरी सहयोग जस्ता कार्यक्रमिक ढाँचालाई प्रश्रय दिइनेछ । सामान्यतया ऋणभन्दा भुक्तानी दायित्व नरहने अनुदानलाई प्राथमिकता दिइनेछ । मौजुदा नीतिबाट निसृत नीतिगत शर्तहरु आपसी संवादका आधारमा मात्र स्वीकार गरिनेछ ।
- संयुक्त राष्ट्र संघीय शहश्राव्दी विकासका लक्ष्यलाई स्थानीयकरण गरी प्राप्त गर्न नेपाल प्रतिवद्ध रहनेछ । यसका लागि मध्यकालमा उल्लेखनीय वैदेशिक सहायताको परिचालन गरिनेछ ।
- नेपालको वित्त तथा वित्तीय स्वास्थ्यका लागि एकातिर आन्तरिक श्रोतको आधार वलियो वनाउन जरुरी छ भने अर्कातिर व्यापार, लगानी तथा पूँजीको प्रवाह सुनिश्चित गर्नुपर्ने हुन्छ । अर्थतन्त्रको प्रतिरक्षात्मक क्षमताको विकास गर्नु वैदेशिक सहायताको मध्य तथा दीर्घकालीन प्राथमिकता हुनेछ ।

५. **प्रमुख नीति :**

माथि उल्लिखित उद्देश्यहरुलाई प्राथमिकताका आधारमा प्राप्त गर्न देहायका नीतिहरु अवलम्वन गरिनेछः

५.१ **सहुलियतपूर्ण ऋण** : आर्थिक वृद्धि तथा आर्थिक सामाजिक उद्देश्य प्राप्तिमा सकेसम्म कम ऋणको वोझमा योगदान गर्ने केही क्षेत्रमा मात्र यसको उपयोग गरिनेछ । सरकार र बहुराष्ट्रिय दातृ संस्थाको साझेदारीमा वैदेशिक ऋणबाट यस प्रकारको योगदान भए नभएको कुराको सूक्ष्म परीक्षण गर्न देहायका उपायहरु अवलम्वन गरिनेछः

(क) कृषिको रुपान्तरण गर्ने तथा उच्च प्रतिफल प्राप्त हुने पूर्वाधार विकासका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा वैदेशिक ऋणको उपयोग गरिनेछ ।

(ख) प्रत्येक नयाँ ऋण सहायता स्वीकार गर्नुअघि त्यसको प्रभावको सूक्ष्म विश्लेषण गरिनेछ ।

(ग) निजी क्षेत्रका आर्थिक गतिविधिलाई सघाउ पु¥याउने तथा वाह्य क्षेत्र कारोवारलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जनको क्षमता बढाउने क्षेत्रमा ऋण लगानी केन्द्रित गरिनेछ ।

(घ) वैदेशिक ऋण प्राप्त गर्दा विदेशी मुद्राको उतार चढावका कारण सरकारको दायित्वमा पर्ने नकारात्मक प्रभावबाट बच्ने सम्भावनाहरुको खोजी गरिनेछ ।

(ङ) सरकारको ऋणभारलाई कम गर्न देहायको नीति लिइनेछः

(अ) कुनै पनि ऋण सहयोगको रकम वैदेशिक अध्ययन, अध्ययन भ्रमण, तालीम, सेमिनार आदिमा खर्च गर्न रोक लगाइनेछ ।

(आ) ऋणको रकमबाट कमभन्दा कम संख्यामा मात्र सवारी साधन खरिद गरिनेछ । यसरी खरिद गरिएका सवारी साधनहरु आयोजनासँग सम्वन्ध भएका बाहेक अन्य व्यक्ति वा प्रयोजनका लागि प्रयोग गर्न रोक लगाइनेछ ।

(इ) ऋणको रकमबाट परामर्शदाता तथा विदेशी विशेषज्ञहरूको सेवामा हुने खर्चलाई कम गरिनेछ ।

(ई) वैदेशिक खरिदसँग आवद्ध (Procurement-tied) कुनै पनि व्यापारिक तथा आपूर्तिकर्ताको ऋण लिइनेछैन । तर यसले मिश्रित ऋण लिने विषय र द्विपक्षीय वार्ताबाट तय गरी आयात-निर्यात बैंक (Export-Import Bank) बाट लिइने ऋणलाई भने रोक्नेछैन ।

(उ) उच्च प्राथमिकता प्राप्त पूर्वाधार विकासका आयोजनालाई बाहेक सरकारी स्वामित्वका संस्था तथा अन्य संस्थाहरूलाई ऋण उपलब्ध गराउन नेपाल सरकार जमानत बस्नेछैन ।

५.२ **अनुदान सहयोग** : अनुदान सहायताले भविष्यका सन्ततिलाई दायित्व नपार्ने र सरकारको विद्यमान संकुचित वित्तीय ढाँचामा थप वाधा नपु-याउने भएकोले यसलाई अल्पकालिन र मध्यकालिन प्राथमिकताका क्षेत्रमा प्रभावकारी ढंगले उपयोग गर्न प्रोत्साहित गरिनेछ । आयोजनाको शिरोभार खर्च र प्राविधिक सहयोगको लागि अनुदानबाट व्यहोर्ने सह-वित्तीयकरण व्यवस्था (Co-financing) तर्फ जोड दिइनेछ । तर, अमेरिकी डलर ५ मिलियनभन्दा कमको अनुदान सहायता स्वीकार गरिने छैन । सन् २०२५ पछि वैदेशिक सहायताको रुपमा कुनैपनि अनुदानको खोजी गरिने छैन ।

५.३ **बजेट तथा कार्यकमगत सहायताः** छोटो समयको जस्तै लामो समयको लागि पनि आयोजनागत सहायताभन्दा कार्यकमगत सहायता नै आवश्यक पर्नेछ । यस्तो सहायताको खोजी क्षेत्रगत अथवा बृहत् आर्थिक कार्यकमका लागि र उपयुक्त परिस्थितिमा बजेट सहायताको सन्दर्भमा पनि गरिनेछ ।

५.४ **प्राविधिक सहायता** : प्राविधिक सहायताले नेपालको विकास प्रकियामा दिगो योगदान पु-याउन सक्नुपर्छ । स्थानीय जनशक्तिको उचित उपयोग, विशेषज्ञता तथा प्रविधिको हस्तान्तरण र प्राविधिक सहायताको उपयुक्त एवं छनौटपूर्ण उपयोगका माध्यमबाट आन्तरिक संस्थागत क्षमता अभिवृद्धि गरी प्राविधिक सहायता तथा विदेशी सल्लाहकार माथिको निर्भरता घटाइनेछ । ज्ञानको आदानप्रदान तथा प्रर्दशनका माध्मबाट

प्राविधिक सहायतालाई ज्ञान सहायता (Knowledge support) मा रुपान्तरण गरिनेछ । प्राविधिक सहायता लिंदा देहायका कुराहरुमा ध्यान दिइनेछः

(क) प्राविधिक सहायतालाई ठूला आयोजनाहरूको कार्यान्वयनमा सहयोग पु-याउन उपयोग गरिनेछ ।

(ख) देशको आर्थिक-सामाजिक क्षेत्रको सुधारका लागि तथा विकासका रणनीति तयार गर्ने कार्य, जस्तै केन्द्रीय तथा स्थानीय तहमा विकास गतिविधिहरूको तर्जुमा, कार्यान्वयन एवं मूल्याङ्कन गर्ने क्षमताको विकास गर्ने जस्ता विषयमा यसलाई केन्द्रित गरिनेछ ।

(ग) अन्य क्षेत्रमा समेत प्राविधिक सहायता स्वीकार गर्दा छनौटपूर्ण प्रक्रिया अपनाइनेछ । यसलाई सकेसम्म ज्ञानको सृजना गर्न र प्रविधिको हस्तान्तरण तथा ग्रहण (Adaptation) गर्नमा प्रयोग गरिनेछ ।

(घ) स्थानीय स्तरमा रहेका सरकारी संजालहरु लगायत स्थानीय समुदाय, उपभोक्ता समूह आदिको क्षमता विकास गरी स्वदेशी तथा विदेशी परामर्शदाताहरु माथिको निर्भरता हटाउँदै जाने कुरालाई प्राथमिकता दिइनेछ । यसका लागि सरकारी कर्मचारीहरुका निम्ति उपयुक्त प्रोत्साहन प्रणाली (Incentive System) को पुनरावलोकन गरिनेछ ।

(ङ) प्राविधिक सहायताका लागि ऋण लिन निरूत्साहित गरिनेछ । प्राविधिक सहायता स्वीकार गर्नु अगावै सो को आन्तरिकीकरण, संस्थागतिकरण तथा दिगोपना सुनिश्चत गर्नका लागि स्थानीय स्वामित्व र आन्तरिक व्यवस्थापनमा पर्याप्त ध्यान दिइनेछ । यसमा सघाउ पुर्याउन प्राविधिक सहायताको बास्केट वा पुल (Pool) खडा गर्ने सम्भावनाको खोजी गरिनेछ ।

(च) त्यसैगरी, प्राविधिक सहायतालाई यत्रतत्र छरिन नदिन र यसको आकार घटाउनका लागि अमेरिकी डलर १ मिलियनभन्दा कम सहायता राशि हुने साना परियोजनामा अन्तर्राष्ट्रिय परामर्शदाताको सेवा लिइनेछैन ।

५.५ **स्वयम्सेवक** :नेपालले ठूलो संख्यामा प्राप्त गरिरहेको स्वयम्सेवकहरूको सेवा प्रशंसनीय छ । उनिहरुको संलग्नतालाई अझ बढी उपयुक्त र गुणस्तरयुक्त बनाइनेछ । सरकारले स्वयम्सेवकको सेवा आवश्यक पर्ने र उनीहरूले बढी योगदान दिन सक्ने विशेष क्षेत्रहरूको पहिचान गर्नेछ । त्यसका आधारमा त्यस्ता क्षेत्रहरूमा स्वयम्सेवकहरूको नियुक्ति गर्न दातृपक्षसँग अनुरोध गर्ने व्यवस्था गरिनेछ । स्वयम्सेवकहरु सँगसँगै काम गर्न सरकारले स्थानीय प्रतिनिधिहरुलाई खटाउनेछ जसले गर्दा स्वयम्सेवकहरु घर फर्के पछि पनि उपलब्धिहरु दिगो हुनेछन् ।

५.६ **क्षेत्रीय प्राविधिक सहायता** : सरकारले बढीभन्दा बढी क्षेत्रीय संस्थाहरू मार्फत विकासशील देशहरूबीच प्राविधिक सहायता (Technical Cooperation between Developing Countries) को प्रचलन बढाउन तथा विस्तार गर्न प्रोत्साहन गर्नेछ । दातृपक्षहरूलाई क्षेत्रीय प्राविधिक स्रोत उपयोग गर्न र यही क्षेत्रको तेस्रो देशबाट प्राविधिक सहायता उपलब्ध गराउन प्रोत्साहित गरिनेछ । नेपाललाई प्राप्त भएका क्षेत्रीय प्राविधिक सहायतालाई अद्यावधिक गरी यसबाट हुने लाभ सुनिश्चित गर्न एउटा अध्ययन गरिनेछ ।

५.७ प्राविधिक सहायताले व्यक्तिगत, संगठनात्मक एवम संस्थागत तहमा क्षमताको विकास गरी दीर्घकालमा आफ्नै खुट्टामा उभिन सहयोग पुर्याउनु पर्दछ । क्षमता विकासका क्षेत्रहरु प्रजातन्त्र, मानवाधिकार, सुशासन, विकेन्द्रीकरण जे पनि हुन सक्दछन, तर यस्ता प्राविधिक सहायता नेपालको आफ्नै प्रणालीभित्रबाट आएको हुनुपर्नेछ ।

५.८ **अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थामार्फत प्रवाह हुने सहायतासम्बन्धी व्यवस्था** : नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको संख्या र तिनीहरुको योगदानलाई विचार गरी यस्ता संस्थाहरुको

सञ्चालनको प्रभावकारी अनुगमन तथा सूचना प्रवाहको व्यवस्थापन गरिनेछ । यसका लागि देहायका उपायहरु लागू गरिनेछन् :

(क) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले ल्याउने सहायता रकम नेपालमा रहेको कुनै मान्यता प्राप्त वाणिज्य बैंकमा चल्ती खाता खोली जम्मा गर्नुपर्नेछ । सबै कारोवारहरु अनिवार्य रुपमा बैंकमार्फत गर्नुपर्नेछ । कारोवारको आवधिक विवरण नेपाल राष्ट्र बैंकमार्फत नेपाल सरकारलाई बुझाउनु पर्नेछ । यससम्वन्धी विस्तृत कार्यविधि नेपाल राष्ट्र बैंक र महालेखा नियन्त्रक कार्यालयले तय गर्नेछन् ।

(ख) यस्ता संस्थाहरुले नेपाल सरकार वा समाज कल्याण परिषद्सँग संझौता गरी प्राप्त गर्ने कर छुट लगायतका सुविधाहरुमा एकरुपता कायम गर्न समाज कल्याण ऐनमा छुट्टै व्यवस्था गरिनेछ ।

(ग) यस्ता संस्थाहरुले तोकिएको समयभित्र आफ्नो वित्तीय विवरण तथा प्रगति विवरण समाज कल्याण परिषद्मार्फत नेपाल सरकारको सम्वद्ध निकायमा पेश गर्नु पर्नेछ ।

(घ) समाज कल्याण परिषद्ले यस्ता संस्थाहरुले वैदेशिक सहायताको उपयोग गरी सञ्चालन गर्ने कृयाकलाप तथा प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारको सम्वद्ध निकायमा पेश गर्ने जिम्मा समाज कल्याण परिषदको हुनेछ ।

(ङ) यस्ता संस्थाहरुको वित्तीय कारोवार तथा गतिविधिहरुमा पारदर्शिता र जवाफदेहिता कायम गर्नका लागि आफू संलग्न परियोजनाहरुको विवरण राष्ट्रिय पत्रपत्रिकामार्फत सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ ।

(च) यस्ता संस्थाहरुको लेखापरीक्षण गर्न एउटा "वित्तीय पारदर्शिता तथा जवाफदेहिता निर्देशिका" बनाई जारी गरिनेछ । निर्देशिकामा लेखापरीक्षकले पालना गर्नुपर्ने प्रकृयाहरु उल्लेख गरिनेछ ।

(छ) सरकारमाथि आर्थिक दायित्व नपर्ने गरी वैदेशिक सहायता परिचालन गर्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई सहमति दिने एकमात्र छाता संस्थाको रुपमा समाज कल्याण परिषदले काम गर्नेछ ।

(ज) सबै गैरसरकारी संस्थाहरु करसम्वन्धी प्रचलित कानून तथा लेखापरीक्षणको दायित्व निर्वाह गर्न वाध्य हुनेछन् ।

(झ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई ग्रामीण र दुर्गम क्षेत्रमा आफ्ना कार्यक्रमहरू संचालन गर्न प्रोत्साहित गरिनेछ ।

५.९ निजी क्षेत्रलाई छानिएका पूँजीगत सहायतामा संचालित आयोजनामा पनि वैदेशिक स्रोत जुटाएर सह-लगानी गर्ने र वैदेशिक सहायताको माध्यमबाट संचालन हुन लागेका पूर्वाधार निर्माण सम्बन्धी गतिविधिहरूमा परिपूरक लगानी प्रवाह गर्ने कार्यमा प्रारम्भदेखिनै संलग्न गराइनेछ । निजी क्षेत्रले लगानी नगर्ने क्षेत्रमा मात्र सरकारले अग्रसरता लिनेछ । सरकारले वैदेशिक सहायतामा निजी क्षेत्रको सम्भाव्य भूमिकाको निर्धारण गर्नेछ ।

## ६. संस्थागत संरचना :

६.१ वैदेशिक सहायताको समग्र समन्वयमा अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिका रहनेछ भने व्यवस्थापनमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्वद्ध मन्त्रालयहरुको आपसी समन्वयको भूमिका रहनेछ । वैदेशिक सहायता नीतिको कार्यान्वयनमा देहायका संस्थागत संरचनाहरुले टेवा पुऱ्याउनेछन्:

(क) **नेपाल विकास मञ्चः** आवश्यकता अनुसार आयोजना गरिने यो मञ्चमा दातृपक्ष र सरकारवीच उच्च स्तरको सम्वाद हुन्छ । यसले राष्ट्रिय नीति, आवश्यकता र त्यससँग मेल खाने हदसम्मका अन्तराष्ट्रिय नीति एवम मान्यताहरुलाई कार्यान्वयन गर्ने समझदारी कायम गर्छ । नेपालले समय समयमा ल्याउने सहायता परिचालन नीति तथा कार्ययोजनालाई यो मञ्चले अनुमोदन गर्दछ । पूर्व

तयारीका सिलसिलामा नागरिक समाज र राजनीतिक दलहरुसं पनि व्यापक अन्तरक्रिया गर्ने अवसर प्राप्त हुन्छ ।

(ख) **उच्च स्तरीय समिति** : अर्थमन्त्रीको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र अर्थ मन्त्रालयका सचिव रहने एक उच्चस्तरीय समितिले वैदेशिक सहायता संलग्न आयोजनाहरुलाई सहजता प्रदान गर्नेछ । यो समितिमा आवश्यकता अनुसार सम्वद्ध मन्त्रालयका सचिवलाई आमन्त्रण गर्न सकिनेछ । समितिको सदस्य-सचिव अर्थ मन्त्रालय, वैदेशिक सहायता समन्वय महाशाखाका सह-सचिव रहनेछन् ।

(ग) **स्थानीय दातृ समूहको बैठक** : यो नियमित रुपमा हरेक दुई महिनामा, बजेट आउनुभन्दा तत्काल अगाडि र तत्काल पछाडि अर्थ मन्त्रालयको अध्यक्षतामा वस्दछ । यसमा आयोजनाका प्रगति तथा समस्याको समीक्षा हुन्छ । यसमा वैदेशिक सहायता नीति र आवधिक सहायता प्रभावकारिता सम्बन्धी कार्ययोजनाको कार्यान्वयनसँग सम्वन्धित विषयमा समेत छलफल गरिनेछ ।

(घ) **क्षेत्रगत दातृ समूहको बैठक** : आयोजना कार्यान्वयनका क्षेत्रगत मुद्दाहरुमा छलफल गरिन्छ । यसको नेतृत्व क्षेत्रगत मन्त्रालयले गर्ने हुँदा क्षेत्रगत दाताहरुको समन्वय पनि गर्छ ।

(ङ) क्षेत्रगत मन्त्रालयका योजना वा वैदेशिक महाशाखाहरुले आयोजना निर्माण, कार्यान्वयन, मूल्यांकन लगायत आयोजनाचक्रका सवै चरणहरुको सम्पर्क विन्दुको कार्य गर्नेछन ।

(च) सहायता संलग्न आयोजनाहरुको कार्यसम्पादन पुनरावलोकन गर्न सम्वद्ध दाताहरु र सरकार सम्मिलित वार्षिक वैठक वस्नेछ । यसले विगतको प्रगति समीक्षा गर्दै भावी कार्ययोजना तयार गर्नेछ ।

(छ) **आर्थिक कुटनीतिः** विदेशस्थित नेपाली दूतावास वा मिसनमा स्थापित हुने आर्थिक कुटनीति शाखाले नेपालमा लगानी तथा व्यापारको वातावरण र करसम्वन्धी कानूनको जानकारी सरोकारवालालाई उपलव्ध गराउनेछ ।

***